UNITED NATIONS MISSION
IN NEPAL

UNMIN

नेपालस्थित संयुक्त
राष्ट्रसंघीय मिसन

# नेपालका लागि राष्ट्रसंघीय महासचिवका प्रतिनिधि करिन लेनग्रेनले दिनुभएको वक्तव्य

## बिदाइ समारोह, रोल्पा

## ८ फेब्रुअरी २०१०

अतिथि गण, अध्यक्ष पुष्प कमल दाहाल "प्रचण्ड," कमाण्डर नन्द किशोर पुन "पासाङ," डेपुटी कमान्डर चन्द्र प्रकाश खनाल "बलदेव," सुरक्षा तथा समायोजन ब्युरोका इन्चार्ज वर्षमान पुन "अनन्त", भाइस डिभिजनल कमान्डर "अविनाश," माओवादी सेनाका पूर्व सदस्यहरू, शान्ति तथा पुनर्निमाण मन्त्रालयका सह-सचिव निरन्जन उप्रेति, राजदुत र मिसनका प्रमुखहरू, आवासीय प्रतिनिधि रोबर्ट पाइपर र यस प्रक्रियामा साझा प्रयास गरेर मलाई आफ्नो संस्था प्रति धेरै गर्व अनुभूति गराउने राष्ट्रसंघीय परिवारका मेरा सबै सहकर्मीहरू, साथै उपस्थित महानुभावहरू।

आज हामी शिविरबाट बिदाइको अन्तिम समारोहमा भाग लिन आएका छौं। सुरक्षा परिषद्ले बिदाइसम्बन्धी कार्ययोजनामा भएको हस्ताक्षरको स्वागत गर्नुका साथै यस कार्ययोजनाको शीघ्र र पूर्ण रूपले कार्यान्वयन गर्ने सबै पक्षहरूलाई आग्रह गरेको छ। समयतालिका अनुरूप सातवटै शिविरमा बिदाइ समारोह एक महिना भित्र अर्थात सन् २०१० को फेब्रुवरी ८ सम्ममा सक्ने योजना थियो। एनेकपा- माओवादीका नेताहरू र माओवादी सेनाका कमाण्डरहरूले आफ्नो वचन पूरा गर्नुभएको छ। सुरक्षा परिषद् यसको सम्मान गर्छ र यसप्रक्रियालाई निरन्तरता दिनु हुनेछ भन्ने कुरामा विश्वस्त छ।

आज शिविर छोडेर जाने यहाँहरू अब माओवादी सेनाको चेन अफ कमाण्डमा हुनुहुन्न। शसस्त्र संघर्षमा समर्पित यहाँहरूको जीवनको समयावधि अब विगत भइसकेको छ। नेपाललाई न्यायोचित, समतामूलक, लोकतान्त्रिक र शान्त मुलुक बनाउने काममा सहयोग गर्नेमा यहाँहरूको भूमिका छ। म यहाँ उपस्थित महिला तथा बालिकाहरूलाई के भन्न चाहन्छु भने शक्ति संरचना र नीति निर्माणमा पूर्ण सहभागिताको अधिकार यहाँहरूलाई छ। यद्यपि, शान्ति प्रक्रियामा यहाँहरूको आवाज सदैव सुनिएन होला।

यहाँहरू आफ्नो परिवार र समाजमा अनि यहाँ भन्दा धेरै फरक जीवनशैलिमा फर्कदा, आफ्नो चाहना अनुरूपको शिक्षा अगाडि बढाउन, व्यवसायिक तालिम लिन र अन्य हितको लागि सहयोग उपलब्ध छ। यहाँहरूको नयाँ परिचयपत्रमा फोन नम्बर उल्लेख गरिएको छ जसमा आफूले चाहेको बखत फोन गर्न सक्नुहुनेछ र राष्ट्रसंघले यहाँहरूलाई थप जानकारी र सहयोग उपलब्ध गराउने छ।

यहाँ नजिकैको होलेरीमा आक्रमणसँगै शुरु भएको सशस्त्र द्वन्द्वको अन्त्य विस्तृत शान्ति सम्झौतामा हस्ताक्षरसँगै भयो। यी तीन वर्षको छोटो समयमा धेरै कुरा परिवर्तन भएका छन् र अहिलेको प्रमुख चुनौति भनेको शान्तिलाई कसरी सुद्ढ गर्ने र भविष्यमा द्वन्द्वलाई रोक्ने हो । यहाँहरूको पार्टी लोकतान्त्रिक बाटोमा अगाडि बढेको छ। भर्खरै सम्पन्न एनेकपा- माओवादीको स्थायी समितिको बैठकमा यहाँहरूको पार्टीले शान्ति प्रक्रिया र नेपालको नयाँ संविधान निर्माण गर्ने कामलाई सम्पन्न गर्ने वचनबद्धता प्रकट गरेको छ। यी कुराहरू अहिलेका प्राथमिकताहरू हुन र यी काम सहमतिबाट मात्र सम्पन्न हुन सक्छ।

यहाँहरूका नेताहरू जसमध्ये धेरै आज यो समारोहमा उपस्थित हुनुहुन्छ, नेपालको शान्ति प्रक्रियामा गहन रूपमा संलग्न हुनुहुन्छ। यो देशको सफलताको कामना सहित र शान्तिले जरा गाडिसकेको आशा गर्दै सम्पूर्ण विश्वले नेपाललाई हेर्दै छ। यहाँको शान्ति प्रक्रियाका समर्थकहरू सबैतिर छन् : संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्मा, नेपालले हासिल गरेका उपलब्धिलाई युद्ध पश्चातका अन्य देशहरू तुलनामा राम्रो उदाहरण मान्ने द्वन्द्व समाधान विशेषज्ञहरू, अनि यस देशको भ्रमण गर्ने असंख्य मानिसहरू, सबैको नेपालको शान्ति प्रक्रियामा समर्थन छ।

नेपाल शान्ति, लोकतन्त्र र विकासको मार्गमा अगाडि बढ्न तम्तयार छ। तर, यस संवेदनशील घडीमा प्रशस्त चुनौतीहरू पनि छन्। यी चुनौतीहरूको सामना गर्नका लागि आपसी विश्वास, सहकार्य र राजनैतिक दलहरूबाट महान नेतृत्व चाहिन्छ र नेतृत्व वर्गले आफूले चालेका कदमबाट नेपालको इतिहास रच्दैछन्।

शान्ति प्रक्रियाको एक पक्ष र संविधानसभामा ठूलो दलको हैसियतमा रहेको एनेकपा-माओवादीको काँधमा पनि विशेष जिम्मेवारी र विशेष अपेक्षा राखिएको छ। गत केही हप्ताहरूमा विश्वास निर्माण गर्ने सन्दर्भमा भएका प्रयास तथा रचनात्मक संवादहरूबाट शान्ति प्रक्रियाको सफल निष्कर्ष सम्भव छ भन्नेमा नयाँ आशा पलाएको छ।

आज, बिदाइ प्रक्रियाको समापनले शान्ति प्रक्रियाको वातावरणलाई थप सकारात्मक तुल्याई सबल पार्नेतिर अर्को एक कदम अगाडि बढाउनुका साथै साथै नेपालमा स्थायी शान्तिका लागि सबै पक्षबाट व्यक्त प्रतिबद्धता पनि मुखरित भएको छ।

धन्यवाद।